**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को**
**Consulate General of Nepal**
**San Francisco**

## हवाइ राज्यको होनोलुलुमा राहदानी तथा कन्सुलर घुम्ती सेवा सञ्चालन हुने सम्बन्धी सूचना!

नेपाली महावाणिज्यदूतावास, सान फ्रान्सिस्कोले Society of Nepalese in Hawaii (SNEHA) लगायत स्थानीय नेपाली समुदायको सहयोगमा हवाइ राज्यको होनोलुलुमा देहायको मिति, समय र स्थानमा घुम्ती सेवा अन्तर्गत निम्न बमोजिमका सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले उक्त राज्यमा बसोबास गर्ने नेपालीहरुले आफूलाई आवश्यक परेको सेवा लिनुहुन अनुरोध गरिन्छः

**घुम्ती सेवा आयोजना हुने मिति, समय र स्थानः**

मितिः **२० जनवरी २०२६**
समयः **दिनको २:०० बजे देखि साँझ ६:०० बजेसम्म**
स्थानः **1522 Bertram St, Honolulu, HI 96816**

**घुम्ती सेवामा प्रवाह हुने सेवाहरुः**

क) राहदानी नवीकरण (Passport renewal) (**२१ जनवरी २०२७** भित्र राहदानीको बहाल अवधि समाप्त हुने सेवाग्राहीहरूले राहदानी नवीकरण गर्न सक्ने)
ख) अधिकृत वारेसनामा (Power of Attorney)
ग) कागजात प्रमाणीकरण (Attestation)
घ) गैरआवासीय नेपाली परिचयपत्र आवेदन (NRN ID Card Application)

**सेवा लिनका लागि पूरा गर्नुपर्ने प्रकृया, पेश गर्नुपर्ने कागजात तथा शुल्क**

**क) राहदानी नवीकरण (Passport renewal)**

**राहदानीका लागि आवेदन दिने तरिकाः**

- **शुरूमा देहायका कागजातहरूको रङ्गिन .JPEG स्क्यान गरी तयार राख्नेः**
  - नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पेज,
  - नाबालकको हकमा नाबालक परिचयपत्रको अगाडि र पछाडिको पेज,
  - हालको राहदानीको अगाडिको पेज (फोटो र छाप भएको पेज एउटै पेजमा आउने गरी स्क्यान गर्नुहोस्।)
  - राहदानीको पछाडिको पेज (निकटतम व्यक्तिको नाम, ठेगाना भएको पेज)

Adress: 505 Beach St, Suite 130, San Francisco, CA 94133; Email: contact@nepalconsulatesf.org, Ph: +1 323 480 8292
Website: https://sf.nepalconsulate.gov.np/

- **अनलाईन फारम भर्नुअघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" (UTC+05:45) छनौट गर्ने,**
- अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने,
- Appointment Country मा Other मा गई Appointment Location मा "NCG, San Francisco" छनौट गर्ने,
- प्राविधिक कारणले २० जनवरी २०२६ को लागि समय उपलब्ध नभएमा **उपलब्ध जुनसुकै मितिको** Appointment लिने ।

  फाराम भर्दा माथि उल्लेख भएबमोजिम रङ्गिन स्क्यान गरिएका नागरिकता प्रमाणपत्र वा नाबालक परिचयपत्रका दुवै पेज, राहदानीको फोटो र छाप भएको एवम् निकटतम व्यक्तिको नाम ठेगाना भएको दुवै पेज अनिवार्य Upload गर्ने,

- **सम्पूर्ण विवरण भरिसकेपछि अन्त्यमा बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने।** (*डाउनलोड गरिएको फारामको दायाँपट्टि छेउमा र* Bottom *मा बारकोड रहेको देख्न सकिनेछ।*)
- डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित Biometrics का लागि आवेदक स्वयम् उपस्थित हुनुपर्ने।

**आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- नाबालकको हकमा नाबालक परियचपत्र तथा बाबु-आमाको नागरिकता, राहदानी र विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपिहरु,
- हालको राहदानीको सक्कल तथा प्रतिलिपि,
- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति,
- आफ्नो अध्यागमन status खुल्ने कागजात र सोको प्रतिलिपि (Visa, PR, Work/Study Permit) ।

**राहदानी आवेदन सम्बन्धी अन्य महत्वपूर्ण जानकारीः**

- राहदानी नवीकरण शुल्क अमेरिकन डलर १५० रहेको छ । हराएको वा बिग्रिएको राहदानीको हकमा अमेरिकन डलर २२५ लाग्नेछ। तर, १० बर्ष भन्दा मुनिका नाबालकको हकमा नवीकरण शुल्क अमेरिकन डलर ७५ तथा राहदानी हराएको वा बिग्रिएको हकमा अमेरिकन डलर ११२.५ लाग्नेछ।
- राहदानी शुल्क बापतको रकम Consulate General of Nepal, San Francisco को नाममा तयार गरिएको **Money Order** बाट मात्र भुक्तानी गर्न सकिने। **नगद स्वीकार्य नहुने।**
- राहदानीका लागि फोटो ल्याउनु नपर्ने।

**ख) अधिकृत वारेसनामा (Power of Attorney)**

**आवश्यक कागजात**

- नेपालमा सूचिकृत कानून व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत तथा निवेदन,
- अधिकृत वारेसनामा दिने व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानीको सक्कल र सोको प्रतिलिपि,
- अधिकृत वारेसनामा लिने व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि,
- लिने दिने दुवैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो,
- अधिकृत वारेसनामा दिने व्यक्तिको अध्यागमन status खुल्ने कागजात र सोको प्रतिलिपि (Visa, PR, Work/Study Permit) ।
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेचबिखनको हकमा लालपुर्जाको सक्कल वा सोको प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि, साक्षी रहेका व्यक्तिहरुको नागरिकताको प्रतिलिपि।

**अन्य जानकारी**

- अधिकृत वारेसनामा शुल्क अमेरिकन डलर ४० लाग्नेछ। शुल्क बापतको रकम Consulate General of Nepal, San Francisco को नाममा तयार गरिएको **Money Order** बाट मात्र भुक्तानी गर्न सकिने। **नगद स्वीकार्य नहुने**।
- अधिकृत वारेसनामा दिने व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने।
- विदेशी नागरिक (नेपाली मूलको विदेशी नागरिकसमेत) का लागि यो सेवा प्रदान गरिने छैन ।

**ग) कागजात प्रमाणीकरण (Attestation)**

नेपालका सम्बद्ध निकायहरूबाट जारी भएका तथा नेपाल सरकार, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागबाट प्रमाणित गरिएका नाता प्रमाणित प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र जस्ता कागजात प्रमाणीकरण सेवा प्राप्त गर्न सकिनेछ।

**पेश गर्नुपर्ने कागजात तथा अन्य जानकारी:**

- तोकिएको ढाँचाको निवेदन। निवेदन फाराम शिविरमा नै उपलब्ध हुनेछ।
- प्रमाणीकरण गर्नुपर्ने कागजातको सक्कल र प्रतिलिपि ल्याउनु पर्नेछ।
- प्रमाणीकरण शुल्क प्रति कागजात अमेरिकन डलर ५० लाग्नेछ। शुल्क बापतको रकम Consulate General of Nepal, San Francisco को नाममा तयार गरिएको **Money Order** बाट मात्र भुक्तानी गर्न सकिने। **नगद स्वीकार्य नहुने**।

**घ) गैर आवासीय नेपाली परिचयपत्र (NRN ID Card):**

गैर आवासीय नेपाली परिचयपत्रको लागि आवेदन गर्नका लागि महावाणिज्यदूतावासको वेवसाइट https://sf.nepalconsulate.gov.np/pages/non-resident-nepali-id-card-6/ मा अनलाइन आवेदन गर्न सकिनेछ।

**नेपाली मूलका विदेशी नागरिकहरू (Foreign Nationals of Nepali Origin) लाई प्रदान गरिने NRN ID Card का लागि आवश्यक पर्ने कागजातहरू:**

- अमेरिकी नागरिकता र राहदानीको सक्कल एवम् सोको प्रतिलिपि,
- हालको नागरिकता प्राप्त गर्दाको कागजात (Certificate of Naturalization),
- नेपाली नागरिकता परित्याग गरेको प्रमाण र त्याग गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रति
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो (Soft Copy समेत)।

**दोस्रो पुस्ताका आवेदकका लागि**

- अमेरिकी नागरिकता र पासपोर्ट र सोको प्रतिलिपि,
- बुबा/आमाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- नेपाली बुबा/आमासँगको सम्बन्ध प्रमाणित गर्ने सम्बन्ध प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो (Soft Copy समेत)।

नेपाली मूलका विदेशी नागरिकहरूका लागि जारी गरिने गैर आवासीय नेपाली परिचय पत्रका लागि अमेरिकी डलर ५२० शुल्क लाग्नेछ। शुल्क बापतको रकम Consulate General of Nepal, San Francisco को नाममा तयार गरिएको Money Order बाट मात्र भुक्तानी गर्न सकिने। **नगद स्वीकार्य नहुने।**

उल्लेखित सेवाहरुको बारेमा विस्तृत जानकारी महावाणिज्यदूतावासको वेबसाइट sf.nepalconsulate.gov.np मा रहेका छन्। थप जानकारी आवश्यक भएमा श्री देवदुत ढकाल (फोन नं. ३२३ ४८० ८२९२ वा Email: consul@nepalconsulatesf.org) मा सम्पर्क गर्नुहुन अनुरोध छ। त्यसैगरी हवाइ राज्यमा स्थानीय सहजीकरण एवम् समन्वयका लागि **श्री अर्जुन अर्याल (फोन नं. ८०८ २५५ ५१३९) तथा श्री दिनेश तिमिल्सिलना (फोन नं. ८०८ ८२९ ५२५२)** सँग सम्पर्क गर्नहुन समेत अनुरोध गरिन्छ ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को ।**
**१५ जनवरी २०२६**